# समाजसेवी (बालसंरक्षण कार्यकर्ता) तथा बालमनोविज्ञसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमका लागि सहभागी छनोट सम्बन्धी सूचनाः

राष्ट्रिय बालअधिकार परिषदसँगको सहकार्यमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी) ले हालै समाजसेवी (बालसंरक्षण कार्यकर्ता) तथा बालमनोविज्ञ तयार गर्नका लागि १६९६ घण्टाको व्यावसायिक बालकल्याण सामाजिक कार्यकर्ता दक्षतामा आधारित मोड्युलर तालिमको पाठ्यक्रम स्वीकृत गरेको जानकारी गराउन चाहान्छौं। यो तालिम सातवटै प्रदेशमा सिटीइभिटीबाट सम्बद्धनप्राप्त शिक्षालयहरुमा निकट भविश्यमा सञ्चालन गरी ७५३ वटै स्थानीय तहमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिमका समाजसेवी र बालमनोविज्ञ तथा दफा ३० बमोजिम बालअदालत तथा बालइजलासमा रहने समाजसेवी तथा बालमनोविज्ञ तयार गरिने लक्ष्य लिइएको छ।

यसै सन्दर्भमा उल्लिखित जनशक्ति तयार गर्न आवश्यक प्रशिक्षक तयार गर्ने उद्धेश्यले देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट प्रशिक्षक प्रशिक्षणका लागि दरखास्त आह्वान गरिएको छ । तालिम प्राप्त गरेका प्रशिक्षकहरुले सिटिइभिटीबाट मान्यता प्राप्त शिक्षालयसँग संलग्न भइ उपरोक्त बमोजिमको तालिम सञ्चालन गर्नुपर्नेछ।

## योग्यता तथा शर्तहरुः

**१. शैक्षिक योग्यता र अनुभवः**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कानून, सामाजिक कार्य, समाज शास्त्र, शिक्षा शास्त्र वा मनोविज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको),

(ख) सम्बन्धित व्यावसायमा प्राविधिक एस.एल.सी वा सीप परीक्षण तह ३ उत्तीर्ण गरी कम्तिमा ५ वर्षको अनुभव भएको, र

(ग) बालअधिकार, बालसंरक्षण, बालमनोविज्ञ, मानवअधिकार वा बालन्यायको क्षेत्रमा कम्तिमा ५ वर्षको कार्यअनुभव भएको वा सो विषयमा अध्यापन गरेको वा निरन्तर वकालत गर्दै आएको

२. बालबालिकासम्बन्धी कसूरमा संलग्न नभएको वा दोषी ठहर नभएको।

३. हाल कुनै सरकारी निकाय, विश्वविद्यालय वा शैक्षिक संस्था, गैरसरकारी संघसंस्थामा कार्यरत व्यक्तिको हकमा प्रशिक्षक प्रशिक्षणपश्चात् हुने १६९६ घण्टाको व्यावसायिक बालकल्याण सामाजिक कार्यकर्ता तालिममा प्रशिक्षण दिन उपलव्ध गराइनेबारे सम्बन्धित कार्यालयको स्वीकृतिपत्र।

४. प्रदेशमा सञ्चालन गरिने तालिममा सम्बन्धित प्रदेशमा सूचिकत भएका प्रशिक्षकलाइ प्राथमिकता दिइनेछ।

५. प्रशिक्षक प्रशिक्षण काठमाण्डौ उपत्यका भित्र वा बाहिर सञ्चालन गर्न सकिनेछ ।

६. तालिम अवधिभर नेपाल सरकारको नियमानुसारको दैनिक भ्रमण भत्ता वा यातायात खर्च उपलव्ध गराइनेछ। साथै, प्रशिक्षणपश्चात् सञ्चालन गरिने १६९६ घण्टाको तालिम दिँदा सम्बन्धित संस्थाको नियमानुसारको पारिश्रमिक उपलव्ध हुनेछ ।

**दरखास्त पठाउने ठेगानाः**

श्री सदस्य सचिव ज्यू
राष्ट्रिय बालअधिकार परिषद्
श्रीमहल,पुल्चोक
इमेलः ncrc.council@gmail.com/contact@ncrc.gov.np

**दरखास्त पठाउने मितिः**

सूचना प्रकाशित मितिले ७ दिन भित्र अर्थात मिति २०८२ मंसिर २८ गते आइतवार भित्र परिषदको कार्यालयमा आइपुग्नुपर्नेछ।